**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**४२ औं नगर कार्यपालिका बैठकको निर्णयहरू**
मितिः २०८२ भाद १५ गते, आइतबार (नेपाल संवत ११४५ ञँलाथ्व अस्तमि)

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन विभाग | अधिकृतस्तर सातौं तह (अप्राविधिक), प्रशासन सेवा, सामान्य प्रशासन समूहमा गरिएको बढुवा नियुक्ती तथा पदस्थापन अनुमोदन गर्ने सम्बन्धमा । | तपशिल बमोजिमका कर्मचारीहरुलाई काठमाडौं महानगरपालिकामा अधिकृत सातौं तहमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने सम्बन्धी मिति २०८२।०१।२२ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने ।<br>श्री युग बहादुर खड्का<br>श्री डिल्लीराम रेग्मी<br>श्री श्रवण कुमार श्रेष्ठ |
| २ | प्रशासन विभाग | काठमाडौं महानगरपालिका र नेपाल प्रहरी बीच सहकार्य सम्बन्धमा । | सुशासन समितिबाट सम्झौता लगायत सहकार्य सम्बन्धी कार्य गर्ने |
| ३ | प्रशासन विभाग | करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा । | काठमाडौं महानगरपालिकामा करार सेवामा कार्यरत ५११ जना कर्मचारीहरुको २०८२ साल श्रावणदेखि २०८२ साल पुससम्म ६ महिना करार अवधि थप गर्ने । |
| ४ | प्रशासन विभाग | कर्मचारीको असाधारण बिदा सम्बन्धमा । | बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६३ बमोजिम तपसिलका कर्मचारीहरुको असाधारण विदा स्वीकृत गर्ने ।<br>अधिकृत शंकर पौडेल- २०८२/०७/११ देखि २०८३/०७/१० सम्म १ बर्ष<br>कार्यालय सहयोगी मैया पाठक- २०८२/०५/०१ देखि २०८२/१०/२९ गते सम्म ६ महिना |
| ५ | प्रशासन विभाग | जनप्रतिनिधि तथा महानगरवासीहरुलाई उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा । | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ बमोजिम बिल भर्पाइ अनुसार जनप्रतिनिधि रुपा थापा क्षेत्रीलाई रु. २,४४,७३४।-, हिरा देवी पोखरेललाई रु. २,४७,८८५।-, रिना नेपालीलाई रु. ३,००,४२३ र गोपाल नापितलाई रु. ५५,५७८।- र महानगरवासी धर्म महर्जनलाई रु.३,००,०००।- उपचार सहायता उपलब्ध गराउने |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ६ | प्रशासन विभाग | प्रशिक्षण वा अनुसन्धान गर्न पूर्व स्वीकृति सम्बन्धमा । | काठमाडौ महानगरपालिकामा कार्यरत तपशिलका कर्मचारीहरुलाई बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १०१ (३) (ग) अनुसार कार्यालय समय बाहेकको समयमा कार्यालयको काममा कुनै बाधा अवरोध नहुने गरी प्रशिक्षण वा अनुसन्धान कार्यको लागी पूर्व स्वीकृति प्रदान गर्ने ।<br>शालीक राम वली- अधिकृतस्तर सातौं<br>शिव राज जैसी- अधिकृतस्तर सातौं |
| ७ | प्रशासन विभाग | स्वर्गीय किरण श्रेष्ठको नपुग अवधि थप गरी निवृत्तभरण (पेन्सन) उपलब्ध गराउने सम्बन्धमा । | बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९१ को व्यवस्था अनुसार काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को दफा ८६ को उपदफा (३) बमोजिम अधिकृतस्तर छैठौं पदमा कार्यरत श्री किरण श्रेष्ठ (क.स.न.०४०२०४) को मिति २०८१/१०/०४ मा असामयिक निधन भएकाले निवृत्तभरणका लागि नपुग हुने अवधि जम्मा २ वर्ष ४ महिना १६ दिन थप गरी निजको परिवारलाई निवृत्तभरण उपलब्ध गराउने । |
| ८ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | The EMERGE: Young Global Leaders Class of 2025 र 2025 Young Global Leaders Annual Summit कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोललाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धमा । | Switzerland को Geneva मा २-४ September २०२५ मा "The EMERGE: Young Global Leaders Class of 2025" र 2025 Young Global Leaders Annual Summit" कार्यक्रममा सहभागिताको लागि काठमाडौं महानगरपालिकाका उपप्रमुख श्री सुनिता डंगोललाई सिफारिस गर्ने मिति २०८२/०४/२८ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| ९ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | One Young World Summit 2025 कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोललाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धमा । | Germany को Munich मा ३-६ November २०२५ मा "The One Young World Summit 2025" कार्यक्रममा सहभागिताको लागि काठमाडौं महानगरपालिकाका उपप्रमुख श्री सुनिता डंगोललाई सिफारिस गर्ने मिति २०८२/०५/०९ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| १० | सार्वजनिक निर्माण विभाग | आर्थिक वर्ष २०८२।८३ को लागि दररेट सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिकाको आ.व २०८२/२०८३ को दररेट विश्लेषण लागि आ.व २०८२/२०८३ को स्वीकृत जिल्ला दररेटमा उपलब्ध जनशक्ति तथा मालसामानहरुको दररेटको आधारमा र उपलब्ध नभएको दररेटहरुमा Norms and Specification अनुसार तयार पारि पेश भएको दररेट विश्लेषण सम्बन्धमा मिति २०८२/०५/०६ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ११ | सामाजिक विकास विभाग | तीनकुने घटनामा मृत्यु भएका सुरेश रजक र सबिन महर्जनको परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धमा । | काठमाडौं महानगरपालिका आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति, कार्यकम तथा बजेटको सामाजिक विकास विभाग अन्तर्गत क.सं. ५९६, खर्च संकेत २५३१५ मा "तिनकुने घटनाका मृतक २ जनाको परिवारलाई प्रतिपरिवार २० (बीस) लाखका दरले राहत सहयोग" शिर्षकमा ४० लाख रुपैया बजेट विनियोजन भए बमोजिम तिनकुने कोटेश्वर क्षेत्रमा २०८१ चैत्र १५ गते भएको घटनामा मृत्यु भएका काठमाडौं महानगरपालिका वडा नं. १३ का सुरेश रजकको हकमा श्रीमती सुजन मगिया र कीर्तिपुर नगरपालिका वडा नं. ४ निवासी सबिन महर्जनको हकमा श्रीमती भविशा मल्ललाई राहत सहयोग उपलब्ध गराउने । |
| १२ | सामाजिक विकास विभाग | खोखो खेलका महिला तथा पुरुष खोलाडीहरुको टोलीलाई पुरस्कार सहित सम्मान गर्ने सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको क.सं. ५८६, वर्ष संकेत २७२१९ मा "प्रथम विश्वकप अन्तर्राष्ट्रिय खो खो खेलमा नेपालबाट सहभागिता जनाएको नेपाल खो खो राष्ट्रिय महिला तथा पुरुष टिमलाई पुरस्कार" शिर्षकमा २२ लाख रुपैया विनियोजन भएको रकमबाट महिला तथा पुरुष खेलाडी टोलीलाई पुरस्कार वितरण गर्न नेपाल खो खो संघलाई जम्मा रु. २२ लाख उपलब्ध गराउने मिति २०८२।४।२७ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| १३ | सामाजिक विकास विभाग | म्याट्रिक्स फाइट नाइट (MFN) च्याम्पियन श्री रविन्द्र ढाँटलाई सम्मान गर्ने सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | आार्थिक वर्ष २०८२/८३ को स्वीकृत बार्षिक नीति, कार्यक्रम तथा बजेटको क्र.सं. ६०० मा खेलाडी प्रोत्साहन तथा सम्मान कार्यक्रम शीर्षकमा विनियोजन भएको बजेट रु ५०,००,०००/(अक्षरेपीः पचास लाख मात्र) बाट म्याट्रिक्स फाइट नाइट (MFN) मा च्याम्पियन बनेका नेपाली खेलाडी एमएमए (MMA) फाइटर श्री रबिन्द्र ढाँटलाई सम्मान स्वरुप रु. २,००,०००/(अक्षरेपी दुईलाख रुपैया) नगद पुरस्कार उपलब्ध गराउने मिति २०८२।४।२७को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| १४ | वातावरण व्यवस्थापन विभाग | आर्थिक वर्ष २०८२।८३ प्राविधिक समितिमा रहने विषय विज्ञहरुको सूची (Roster) नामावली स्वीकृत सम्बन्धमा । | काठमाडौं महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ को दफा १४ (१) बमोजिम गठन हुने प्राविधिक समितिको खण्ड (ख) को आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषय विज्ञमा सार्वजनिक सूचना प्रकाशन भएपश्चात प्राप्त हुन आएका देहाय बमोजिमको योग्य आवेदकहरुलाई समावेश गर्ने ।<br>(क) नारायण प्रसाद भट्ट- सोसियोलोजी (ख) पुरुषोत्तम कणेल- सोसियोलोजी<br>(ग) रेखा श्रेष्ठ- स्ट्रक्चर इन्जिनियरिङ |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १५ | शिक्षा विभाग | सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान तथा पुर्नवितरण सम्बन्धमा । | नेपाल सरकारको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ एवम् शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधनसहित)को अनुसूची १२ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ भाद्र ४ गतेको निर्णय अनुसार काठमाडौ महानगरपालिकालाई वितरण भएको तहगत दरबन्दीको अधिनमा रही कक्षा १ देखि ३ सम्मको हकमा विद्यालयको शैक्षिक सत्र २०८१ को इमिस (IEMIS), शैक्षिक सत्र २०८१ को प्रथम त्रैमासिक परीक्षा र मङ्सिर महिनाको दिवा खाजाको विद्यालयले पेश गरेको माग फाराम साथ संलग्न विवरणमध्ये जुन न्युन छ सो आधार र कक्षा ४ देखि १० सम्मको हकमा शैक्षिक सत्र २०८१ को द्वितीय त्रैमासिक परीक्षामा उपस्थित भएको कक्षागत विद्यार्थी संख्या तथा प्राथमिक तह (कक्षा १-३) मा कक्षा शिक्षणको नीतिगत व्यवस्था समेतका आधारमा शिक्षा नियमावली २०५९ को अनुसूची १२ वमोजिम प्राथमिक तहमा ७५ जनाभन्दा कम विद्यार्थीको हकमा ३ जनाका दरले र सोभन्दा बढी विद्यार्थी भएकाको हकमा प्रति ३३ विद्यार्थी बराबर १ जना शिक्षकका दरले, निम्नमाध्यमिक तहमा शिक्षा नियमावली २०५९ को अनुसूची १२ वमोजिम १०० जनासम्म विद्यार्थी हुनेको हकमा ४ जना र सोभन्दा बढी विद्यार्थी हुनेको हकमा प्रति ५० जना विद्यार्थी बराबर १ जना शिक्षकका दरले र माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षा नियमावली २०५९ को अनुसूचि १२ वमोजिम १०० जनासम्म विद्यार्थी हुनेको हकमा ५ जना र सोभन्दा बढी विद्यार्थी हुनेको हकमा प्रति ३३ जना विद्यार्थी बराबर १ जना शिक्षकका दरले गणना गर्दा हुन आउने देहायबमोजिम विद्यालयगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण तालिका स्वीकृत गर्ने र मिलान भएको दरवन्दी बमोजिम शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ तथा प्रचलित कानूनमा व्यवस्था भएको आधारको प्रतिकुल नहुने गरी शिक्षा तथा स्वास्थ्य समितिले आवश्यक अन्य मापदण्डहरुसमेत निर्धारण गरी System (विद्यूतिय प्रणाली) विकास गरी उक्त प्रणाली प्रमुखज्यूबाट स्वीकृत गरी शिक्षक स्थानान्तरण र पदस्थापना गर्ने । |
| १६ | शिक्षा विभाग | नेपाल भाषा र तामाङ भाषा सहायक प्रशिक्षकको म्याद थप तथा नविकरण सम्बन्धमा । | नेपाल भाषा प्रशिक्षण व्यवस्था सम्बन्धी कार्यविधि, २०७७ अनुसार नेपाल भाषा र तामाङ भाषा प्रशिक्षण सहायक पदमा कार्यरत रहेका प्रशिक्षण सहायकलाई आर्थिक वर्ष २०८२/०८३ का लागि करार सम्झौता गरी २०८३ असार मसान्तसम्मका लागि म्याद थप/नविकरण गर्ने साथै विद्यालयबाट प्रशिक्षण सहायक पद रिक्त भई पदपूर्ति गर्न अनुमति माग भएका विद्यालयमा रितपूर्वक विद्यालयबाटै पदपूर्ति प्रक्रिया अघि बढाउन अनुमति दिने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| | शिक्षा विभाग | अनुदान निकासा अनुमोदन सम्बन्धमा । | मिति २०८२।१।३१ को प्रमुख स्तरीय निर्णयबाट दशैं र तिहारको बिदाको बीचमा SEE सहायता शिविर सञ्चालन वापत २६ वटा केन्द्र विद्यालयलाई निकाशा भएको कुल रु. ३८२८०६५। र नतिजा सुधार कार्यक्रम अन्तर्गत २०८० को SEE मौका परीक्षा तयारी कक्षा सञ्चालन वापत १५ केन्द्र विद्यालयलाई निकाशा गरिएको कुल रु १४२६२८०। गरी जम्मा रु ५२५४३४५। अनुदान निकाशा अनुमोदन गर्ने । |
| | विविध । | | |
| | शहरी व्यवस्थापन विभाग | (क) काठमाडौँ महानगरपालिका ठेगाना प्रणाली निर्देशिका, २०५७ संशोधन गर्न सैद्धान्तिक सहमति सम्बन्धमा । | २०५७ सालमा जारी भएको ठेगाना प्रणाली निर्देशिकालाई हालको व्यवस्था, कानुनी आधार तथा आधुनिक प्रविधि बमोजिम संशोधन गर्नका लागि सम्बन्धित विभागलाई सैद्धान्तिक सहमति प्रदान गर्ने । |
| | राजश्व विभाग | (ख) सिटी मार्केट सम्बन्धी प्राप्त प्रतिवेदनमा छलफल । | वडा कार्यालयबाट पेस हुन आएको विवरण अनुसार गणेश इलेक्ट्रोनिक्सले कबोल गरेको वार्षिक रु.२,७१,००,०००।- (दुई करोड एकहत्तर लाख रुपैया) लाई कामपा २८ स्थित सिटी मार्केटमा रहेका जम्मा पसल कवलको संख्याको अनुपातमा हुन आउने रकम हाल सिटी मार्केटमा सञ्चालनमा रहेका व्यवसायीले तिर्न बाँकी रकम दाखिला गरेपछि मात्र राखिएको धरौटी रकम फिर्ता दिने । हाल सिटी मार्केटमा रहेका २७ व्यवसायीहरुलाई ३ महिनाभित्र अन्यत्र सरी उक्त स्थान खाली गरिदिन सार्वजनिक सूचना प्रकाशन गर्ने तथा वडा कार्यालय रहेको भाग वडा कार्यालय सरेपछि भत्काउने र अन्य भाग तत्काल भत्काई राष्ट्रिय सभागृह मार्फत रेखदेख गर्ने । |
| | राजश्व विभाग | (ग) पर्यटन प्रवर्धन कोषबाट अनुदान उपलब्ध गराउने सम्बन्धमा । | पर्यटन प्रबर्धन कोष, संचालन कार्यविधि, २०७८ को दफा ४ बमोजिमको निर्देशक समितिको मिति २०८२/०५/१३ गते बसेको बैठकको निर्णय कार्यपालिकाका सदस्यहरुलाई जानकारी भयो । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| | सम्पदा तथा पर्यट विभाग | (घ) इन्द्रजात्रा व्यवस्थापन सम्बन्धी छलफल । | राष्ट्रिय पर्व येंया ११४५ इन्द्रजात्रा २०८२ को उपलक्ष्यमा काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन समितिको मिति २०८२।५।१५ को बैठकबाट सिफारिश भएको कार्यक्रमहरु (प्रस्ताव र अनुमानित लागत सहित) संचालन गर्ने/गराउने । |
| | यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना | (ङ) यातायात तथा सडक सुरक्षा कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमती । | काठमाडौं महानगरपालिका यातायात तथा सडक सुरक्षा कार्यविधि तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने । |
| | प्रशासन विभाग | (च) वडा नम्वर २९ मा रहेको ऐलानी पर्ती जग्गा सम्बन्धमा । | (क)काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित कि.नं ३५९, क्षे.फ. ३-८-३-० भएको जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति,२०७९ बमोजिम छुट दर्ता गराई सार्वजनिक हितमा उपयोग तथा संरक्षण गर्ने ।<br>(ख)काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित कि.नं ३५९, क्षे.फ. ३-८-३-० भएको जग्गा छुट दर्ता गराई सार्वजनिक हितमा उपयोग तथा संरक्षण गर्न काठमाडौं महानगरपालिका २९ नं. वडा कार्यालयलाई जिम्मेवारी तोक्ने । |
| | प्रशासन विभाग | (छ) प्रहरी वृत्त सिंहदरबारलाई सरकारी जग्गा उपयोग सिफारिस गर्ने सम्बन्धमा । | प्रहरी वृत्त सिंहदरबारलाई काठमाण्डौ महानगरपालिका वडा नं. २९ (साबिक वडा नं. ३२) अनामनगर स्थित कित्ता नं. ३३७१ को क्षेत्रफल ३३४७९५.६४ वर्ग मिटर नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा मध्ये प्रस्तावित ट्रेस नक्सामा उल्लेख भए बमोजिमको क्षेत्रफल ३१७५.१९ वर्ग मिटर जग्गा उपयोग स्वीकृतिका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति,२०७९ बमोजिम सिफारिस गर्ने । |